

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ७ गते शुक्रबार ❑ 19 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## एकै वर्षमा चार लाख २६ हजार पर्यटकले मुस्ताङ घुमे

**रासस**
म्याग्दी, ६ बैशाख



पछिल्लो एक वर्षको अवधिमा चार लाख २६ हजार नौ सय ६४ पर्यटक पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयले सङ्कलन गरेको पर्यटकको तथ्याङ्कको आधारमा यो सङ्ख्या सार्वजनिक गरिएको हो । प्रहरी कार्यालयले घाँसामा सडक मार्ग र जोमसोम विमानस्थलमा हवाइ मार्गबाट भित्रिने पर्यटकको तथ्याङ्क राख्दै आएको छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक मिलनबहादुर विकका अनुसार यो सङ्ख्या अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत थोराङ्ला पास गरेर मनाङ हुँदै मुस्ताङ आउने पर्यटक बाहेकको हो । सडक मार्गबाट चार लाख १४ हजार दुई सय ८० जना र हवाईमार्गबाट ११ हजार छ सय ८४ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको प्रहरी निरीक्षक विकले बताउनुभयो । घुम्न आएका आन्तरिक पर्यटक मध्ये तीन लाख ३५ हजार चार सय ६६ सडकमार्गबाट र एक हजार आठ सय ७९ पर्यटक हवाई मार्गबाट मुस्ताङ पुगेका हुन् । घुम्न आएका कूल पर्यटकमध्ये ८८ हजार छ सय १९ जना विदेशी पर्यटक आएका थिए । विदेशी पर्यटकमा पनि ७८ हजार आठ १४ सडकमार्गबाट र नौ हजार आठ सय पाँच जना हवाईमार्गको प्रयोग गरी मुस्ताङ आएको देखिएको छ ।

मुस्ताङ भित्रिने विदेशी पर्यटकमा ठूलो सङ्ख्या भारतीयको छ । सात हजार आठ सय आठ पर्यटक सार्क राष्ट्रबाहेकका पर्यटक हुन् । उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफाहरू मुस्ताङका प्रमुख आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बाताललगायतका स्थान मुस्ताङका धार्मिक र पर्यटकीय गन्तव्यको रूपमा परिचित छन् । म्याग्दी हुँदै सडक मार्ग, थोराङ्ला पास हुँदै पैदल मार्ग र पोखराबाट हवाई मार्ग भएर पर्यटक मुस्ताङ पुग्ने गर्छन् । सार्क मुलुक बाहिरका पर्यटकको सङ्ख्या घट्दै जानु चिन्ताको विषय भएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताउनुभयो ।

मुस्ताङमा पर्यटकको चहल पहल बढ्नुमा यातायातको सुविधा, अन्नपूर्ण चक्रीय पदमार्ग विश्वका उत्कृष्ट १० गन्तव्यमा समेटिनु, डिजिटल मार्केटिङ र सुविधायुक्त होटल खुल्नु लगायतका कारण हुनसक्ने पर्यटन व्यवसायीको अनुमान छ ।

## पोखरा २२ (पुम्दीभुम्दी) का डाँडै पिच्छे पर्यटकीय गन्तव्य बन्दै

**दीननाथ बराल**
पोखरा, ६ बैशाख

मौसम खुलेको समय होस पोखरा २२ पुम्दी भुम्दीका जुन सुकै डाँडामा पुगेर हिमाल, फेवाताल, पोखरा लगायतका दृश्यावलोकन एकै स्थानबाट सहज रुपमा गर्न सकिन्छ । ५ दशक अघि विश्व शान्ति स्तुपाःले जुन रुपमा चर्चा र परिचर्चासँगै पोखरा २२ को धार्मिक एवं पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍यायो त्यसै गरी पछिल्लो केही बर्ष देखि पुम्दीकोटमा बिशाल महादेवको मूर्तिले सायद पोखराको नयाँ तथा प्रमुख पर्यटकीय गन्तव्य जस्तै नै बनेको छ ।

पोखरा आएका आन्तरिक ताथ बाह्यि पर्यटकहरु मध्य अधिकांश पर्यटकहरुको पहिलो रोजाइमा पुम्दीकोट पर्ने गरेको छ । पोखराको छोरेपाटनबाट माथि उकालो लागे पछि अनदुकोडाडाँमा विश्व शान्ति स्तुपाःले भगवान गौतम बुद्धको शान्तिको प्रतिकको रुपमा सेतो गुम्बाले सबैलाई मनमोहक बनाएको छ । जुन पर्यटकीय गन्तव्यको रुपमा धेरै बर्ष देखि यसले बुद्ध धर्मका भक्तलाई मात्र नभई पर्यटकहरुलाई समेत आकषर्ण गर्ने गरेको छ ।

त्यसै गरी पछिल्लो करिब ५/६ बर्ष अघि देखि बिशाल महादेवको मूर्तिले चर्चा र यसले धार्मिक एवं पर्यटकहरुलाई आकषर्ण गर्दै आएको छ । दैनिक बिशाल महादेवको मूर्ति अवलोकन गर्न हाल २ हजार देखि ३ हजार पर्यटकहरु जाने गरेको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताउनु भयो । विश्व शान्ति स्तुपाःमा पनि दैनिक जसो २ हजार पर्यटकहरु जाने गरेको विश्व शान्ति स्तुपाः समितिले जनाएको छ । अनदुको डाँडा, पुम्दीकोट बने पछि अब चर्चा नियालेडाँडा(चक्रहाल्ने डाँडा) को रहेको छ भने त्यसै गरी भुम्दीकोटमा देउरालीको थान भएको डाँडा र अर्को डाँडो हो थाप्लेको डाँडो जहाँ जानको लागि हालसम्म बाटो समेत सहज छैन् । यहाँका हरेक डाँडाको महत्व बुझेर छुट्टै ढंगले यसलाई विकास र विस्तार गर्न सके पोखरा क्षेत्रको पर्यटकको बसाई अवधि लम्बाउने गतिलो गन्तव्य पुम्दी भुम्दी बन्न सक्छ ।



पुम्दीकोट पछि अब पुम्दी भुम्दीको अर्को नयाँ पर्यटकीय गन्तव्य चक्रहाल्ने डाँडा (नियालेडाँडा) । समुद्रि सतह देखि करिब १ हजार ६ सय मिटर उचाईमा रहेको उक्त डाँडामा पहिला हावाको गति मापन गर्न चक्र जडान गरी हावाको चाप नाप्ने प्रचलन पराम्परागतमा रहेको पाइन्छ । हाल आफ्नो गाउँ र ठाउँमा केही गर्नु पर्छ भन्ने मान्यतालाई सुरुवात हामी आफैले र मैले गर्नु पर्छ भनेर कम्मर कसेर लाग्नु भएको छ स्थानिय बासि । गुरुङ समुदायको बाहुल्यता रहेको कालाबाङ घरेडिको शिरमा पर्ने उक्त डाँडामा आगन्तुक पाहुनालाई कालाबाङ सामुदायिक होमस्टेबाट छोटो हाइकिङ गराउँदै आउनु भएको घरेडीबासीले अब भने बुद्ध पार्कको नामबाट धार्मिक एवं पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न अठोट लियर अघि बढ्नु भएको छ । जसको नेतृत्व लिनु भएको छ युवा व्यवसायी राज गुरुङ (लाल) ले । आफु जन्मेको ठाउँ पोखराको मुख्यबजारसंगै जोडिएको निकै रमणिय गाँउमा आफुले केही गर्नु पर्छ भनेर उक्त बुद्ध पार्कको अवधारणालाई अघि बढाएको बुद्ध पार्क निर्माण समितिका अध्यक्ष एवं संयोजक युवा व्यवसायी राज गुरुङ (लाल) ले बताउनु भयो । आफैले यसको नेतृत्व लिएको उहाँको भनाई छ । ५ दशक अघि पुम्दीभुम्दीमा शान्ति स्तुपाः स्थापना भएको हो भने ५/७ बर्ष अघि देखि बिशाल महादेवको मूर्तिले चर्चा पाउदै आएको छ । पोखराको फेवाताल र सिद्धार्थराज मार्ग जोडियर पनि पछि परेको पुम्दी भुम्दीमा पछिल्लो २/३ बर्ष देखि पुम्दीकोट बिशाल महादेवको मुर्तिले जसरी चर्चा र धार्मिक एवं पर्यटकहरुलाई आकषर्ण गरेको छ त्यसै गरी बौद्ध धर्मका भक्तहरुलााई सहित पर्यटकलाई आकषर्ण गर्न पोखरा २२ को नियालेडाँडा (चक्रहाल्ने डाडाँमा) बुद्ध पार्क निर्माणको अन्तिम चरणमा पुगेको हो ।

पहिलो चरणमा बुद्धको मुर्ति विधि पूर्वक जडान गरिएको बुद्ध पार्क निर्माण समितिका अध्यक्ष एवं संयोजक युवा व्यवसायी राज गुरुङ (लाल) ले बताउनु भयो । धर्म गुरु कुण्डोल रिनपोक्षे द्धारा सहयोग प्राप्त भएको १५ फिट अग्लो शाक्यमुनिको बुद्ध मूर्ति उक्त स्थानमा प्रतिस्थापन गरिएको उहाँले जनाउनु भयो । करिब ८/९ बर्ष अघिको भेटमा बुद्ध मूर्ति राख्न सकिन्छ की भन्ने धर्म गुरुसंग अध्यक्ष गुरुङले राखेको प्रस्तावमा उहाँले स्विकार्दै मूर्ति सहित स्तुपाः तथा साना आकृतिका बुद्ध मूर्तिहरु समेत सबै धर्म गुरुले नै व्यबस्थापन गर्नु भएको हो । भारतको तेह्‍रादुनमा मूर्ति निर्माण गरी केही समय अघि नै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दुर्घटनामा ८ चाइनिज पर्यटक घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

पोखराको राष्ट्र बैंकमा स्कारपियो र हाइस माईक्रो एक आपसमा ठोकिदा ८ जना चाइनिज पर्यटक घाइते हुनु भएको छ ।

विहिबार बिहान करिब ४:४० बजे पोखरा ७ राष्ट्रबैंक चोकमा बा १ च ८५१ नं. को हाइस र विपरीत दिशातर्फ जाँदै गरेको बा १३ च ५१३७ नं.को स्कारपियो एक आपसमा ठक्कर खाँदा हाइसमा सवार १४ जना यात्रु मध्य ८ जना चाइनिज पर्यटक घाइते हुनु भएको कास्की प्रहरीले जनाएको छ ।

घाईतेहरुको गण्डकी मेडिकल कलेजमा हाल उपचार भई रहेको छ भने अधिकांशको हात तथा खुट्टा र ढाडमा चोट लागेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डिएसपी बसन्त कुमार शर्माले बताउनु भयो ।

उक्त हाईसमा ११ जना चाइनीज नागरीक सवार रहनु भएको थियो । पोखराको होटल ग्राण्डबाट सराङकोट तर्फ जादै गरेको हाइस र पोखरा लेकसाइडबाट राष्ट्रबैंक चोक तर्फ आउदै गरेको स्कारपियो राष्ट्रबैंक चोकमै ठोकिएको स्थानियले बताउनु भयो ।

वडा प्रहरी कार्यालय बैदामको टोलीले गाडीका दुवै चालकहरु र सवारी साधन नियन्त्रणमा लिई अनुसन्धान प्रकृया अगाडी बढाईएको प्रहरीले जनाएको छ । घाइते हुने चाइनिज पर्यंटकहरु मध्य ४० बर्षकी वाङ सियाओसिन, ६४ बर्षका वाङ युहु, ६१ बर्षका जुज्याओपिङ, ४० बर्षकी वोङजुआन, ५१ बर्षका चेन जियानपिङ, ६२ बर्षका शेन जियानपिङ, ५१ बर्षकी ह्यान युमेई र ६३ बर्षका झाङ चिमिंक रहनु भएको छ ।


### श्रमिकको अधिकार सुनिश्चित गरौं

◆श्रम र श्रमिकको सम्मान गरौं ।
◆श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
◆कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
◆श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
◆मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
◆उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
◆श्रमिक र रोजगारदाताबीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं ।
◆श्रमिकको योगदानको कदर गरौं ।

*"श्रमको सम्मान, राष्ट्रको अभियान"*
*अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रकटका कृति प्रकाशन गरिदिने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख


उपचारका क्रममा मंगलबार निधन भएका साहित्यकार प्रकट पंगेनी शिवका प्रकाशन हुन बाँकी रहेका कृति गण्डकी प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरिदिने भएको छ । बिहीबार प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा बसेको बैठकले कृति प्रकाशन गरिदिने निर्णय गरेको प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए ।

'कीर्तिशेष प्रकट पंगेनी शिवले साहित्यको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको उच्च मुल्याकंन गर्दै उहाँले सृजना गर्नु भएको तर प्रकाशन नभएका कृतिहरुलाई गण्डकी प्रज्ञा प्रतिष्ठानले प्रकाशन गर्ने निर्णय गरियो' सदस्य सचिव श्रेष्ठले भने । यसका अलावा गण्डकी प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष आयोजना गर्ने गजल वाचन एवं प्रतियोगिता कीर्तिशेष



प्रकटको जन्म जयन्तीको सन्दर्भ पारेर 'गजलमा प्रकट' शिर्षकमा सञ्चालन गर्ने निर्णय समेत गरेको उनले बताए ।

गण्डकी प्रदेशको चिनारी गीतका सर्जक समेत रहेका प्रकटको निधनले गण्डकी प्रदेशको साहित्य क्षेत्रमा अपूरणीय क्षति पुगेको प्रतिष्ठानले जनाएको छ । यस दुखःद घडीमा मृत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय बैठकले गरेको सदस्य सचिव श्रेष्ठले खुलाए ।


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# साढे तीस लाखको आलु बिक्री गर्दै सकियो महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

आलु गाउँका रूपमा देशमै प्रख्यात पोखरा महानगरपालिका-२५ हेमजामा सञ्चालन भएको आलु महोत्सव सकिएको छ।

गत चैत २५ गतेदेखि सुरु भएको आलु महोत्सव बुधबारसम्म रु ३० लाख ६५ हजार सात सय २० को आलु बिक्री गर्दै सम्पन्न भएको । महोत्सवस्थलबाट कुल ७६ हजार छ सय ४३ किलो आलु बिक्री भएको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिमिल्सिनाले जानकारी दिनुभयो । महोत्सवस्थलमा आलु बिक्रीका लागि पहाड निर्माण गरिएको थियो । प्रतिकिलो रु ४० का दरले आलु बिक्री गरिएको थियो । कुल तीन हजार चार सय ४५ घरपरिवारले आलु खरिद गरी लगेको तिमिल्सिनाले बताउनुभयो । कास्की, गोरखा, म्याग्दी, मुस्ताङ, स्याङ्जा, चितवन, बुटबल, बागलुङ, तनहुँलगायत काठमाडौँबाट समेत मानिसहरू आलु खरिद गर्न आएको बताइन्छ । प्रतिघरपरिवारले न्यूनतम पाँच किलोदेखि अधिकतम तीन सय किलो आलु खरिद गरेका हुन् । हेमजामा फलेको आलु स्वादिलो, छिटो पाक्ने तथा स्वस्थकर



मानिने भएकाले उपभोक्ताको आकर्षण बढ्ने गर्दछ । यसैगरी महोत्सवभर आलुलगायत अन्य सामग्रीसमेत गरी रु तीन करोड ७० लाखको कारोबार भएको मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । महोत्सव समापनका अवसरमा अग्रज कृषकलाई सम्मान गरिएको छ । आलुको प्रदर्शनीमा उत्कृष्टता हासिल गर्ने कृषक भीममाया नेपाली, एकबहादुर कार्की, पार्वती बानियाँ, हरिमाया रोका तथा कृषि अधिकृत चन्द्रकान्त तिमिल्सिनालाई नगदसहित सम्मान गरिएको हो । महोत्सवको आकर्षणका रूपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटविरुवाको परीक्षण तथा रोगको निदान, कृषिसम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनीलगायत रहेका थिए । 'सुन्दर ठाउँ हेमजा जाऔँ, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ विष्णुपादुका क्लबको आयोजनामा महोत्सव गरिएको हो । कास्कीमा एक हजार दुई सय ५३ हेक्टर जमिनमा आलुखेती गरिन्छ । त्यसबाट वार्षिक २१ हजार पाँच सय १० टन उत्पादन हुँदा हेमजामा पाँच सय हेक्टर क्षेत्रफल जनिमा आलुखेती गर्ने गरिएकामा पाँच हजार टन उत्पादन हुने गरेको छ ।

हेमजामा एमएस २२, जनकदेव, खुमलटार रातोलगायतका आलुखेती गरिन्छ । यहाँका पाँच सय ४० घरपरिवार किसान व्यावसायिक रूपमा आलुखेतीमा आबद्ध छन् ।

# यूनाइटेड क्लबद्धारा पोखरा आरोग्य आश्रममा खाद्यान्न सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, ६ बैशाख

यूनाइटेड क्लब पोखराले पोखरा १५ टुटुङामा रहेको पोखरा आरोग्य आश्रममा खाद्यान्न सामाग्री वितरण गरेको छ।

क्लबले आफ्नो १४ औं वार्षिकोत्सवको अवसरमाआयोजितसप्ताहब्यापी कार्यक्रमको छैठौ दिन बिहीबार पोखरा आरोग्य आश्रममा आश्रितहरुलाई लक्षित गरी खाद्यान्न सामाग्री वितरण गरेको हो। खाद्यान्न सामाग्री हस्तान्तरण गर्दै पोखरा महानगरपालिका वडा नम्बर १५ का अध्यक्ष तोरण बानियाँले पोखरा आरोग्य आश्रममा आश्रितहरुलाई लक्षित गरि खाद्यान्न सामाग्री वितरण गरेकोमा क्लव परिवार प्रति आभार प्रकट गर्दै यूनाइटेड क्लबको सामाजिक कार्यलाई लक्षित गरि आगामी आर्थिक वर्षदेखी वडाले रातो किताबमा समेटेर बजेट बिनियोजन गर्ने समेत प्रतिवद्धता ब्यक्त गरे । त्यस्तै पछिल्लो समय कुष्ट प्रभावितहरुको संख्या विस्तारै वढ्दै गएको र आफ्नो वडामा समेत हाल ४



जना मानिसमा कुष्टरोग देखा परेकाले यसको बारेमा सचेत बन्दै जनचेतना फैल्याउन आवश्यक रहेको समेत वताए।

सो अवसरमा वोल्दै नेपाल कुष्ठरोग निवारण संघका केन्द्रीय उपाध्यक्ष नारायण शर्माले महोत्सव ग र्नु आफैमा गार्हो काम भएका बताउदै गाह्रो कामबाट बचत भएको रकम सामाजिक सेवामा खर्चिनु अत्यन्तै श्रहानिय काम भएको वताए । कुष्ठरोग निवारण संघ कास्कीका अध्यक्ष सुभाष तभ्याले पोखरा आरोग्य आश्रम कुष्ठ प्रभावितहरुका लागि स्थापना गरिएको वताउदै हाल संघमा १३ जना आश्रित रहेको र उनीहरुलाई विभिन्न संघ संस्था तथा ब्यात्तिहरुको सहयोगमानै खाद्यान्न उपलब्ध गराउदै आइरहदा यूनाइटेड क्लबको सहयोग पाउदा आफुहरु गौरवान्वित भएको वताए।

संघको सम्योजनमा कुष्ठ प्रभावितहरुलाई लक्षित गरी पोखराको लामतरामा १८ र ठूलिमझुवामा १२ परिवारलाई बासस्थानको ब्यवस्था मिलाएको भएतापनि उनीहरुले सरकारबाट भत्ता बाहेक केही नपाएको उनको भनाइ रहेको थियो । उक्त बस्तीहरुका १८ जना विद्यार्थीहरुले छात्रवत्ति मार्फट पढाइ भइरहेको समेत उनले वताए। कार्यक्रममा यूनाइटेड क्लबका कार्यसमिति सदस्य तथा खाद्यान्न वितरण कार्यक्रमका संयोजक पूर्ण कुमार श्रेष्ठले यूनाइटेड क्लबले १४ औं वार्षिकोत्सवको अवसरमा गत बैशाख १ गते देखी सप्ताहब्यापी कार्यक्रम गर्दै आइरहेको र सोही क्रममा छैठौ दिनको दिन पोखर आरोग्य आश्रममा आश्रितहरुलाई खाद्यान्न वितरण गरिएको वताए।

कार्यक्रममा वोल्दै यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले क्लबले १४ औं वार्षिकोत्सवको अवसरमा सप्ताहब्यापी कार्यक्रम अन्तर्गत वैशाख १ देखी ७ गते सम्म शिक्षा, स्वास्थ्य, विभिन्न आश्रमहरुमा पुगी खाद्यान्न तथा विभिन्न सहयोग गर्दै आइरहदा छैठौ दिन पोखरा आरोग्य आश्रममा खाद्यान्न वितरण गरेको वताए।

क्लबले सेती नदी संरक्षणका लागि समेत रकम छुट्याउदै आएको र सेती नदी संग जोडिएका पोखरा महानगरका वडा हरु संग सहकार्य गरेर सेती नदीमा साहसिक पर्यटकीय गन्तब्य बनाउनका लागि समेत सहकार्य गर्न तयार रहेको अध्यक्ष श्रेष्ठले वताए। क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन क्लबका महासचिव दिनेश सुनारले गरेका थिए।

# पोखरा...

बुद्ध पार्कमा प्रतिस्थापना गरिएको हो । फाइवरबाट निर्माण गरिएको १५ फिटको उचाईमा रहेको उक्त मूर्ति केही समय पश्चात गोल्डेन कलरमा रंगरोगन गरिने भएको संयोजक गुरुङले उल्लेख गर्नु भयो । पहिलो चरणमा ५ करोडको परियोजना सफल पार्न पोखरा महानगरपालिका, पोखरा महानगरपालिका वडा नम्बर २२ स्थानिय बासि एवं विदेशबाट समेत सहयोग जुड्दै गरेको उहाँले जनाउनु भयो । उक्त बुद्ध पार्कमा १० फिटका दुई वटा मुर्ति, ८ वटा स्तुपाःहरु समेत निर्माण गरिने भएको छ। बुद्ध पार्क अपाङ्ग् मैत्रि समेत बनाउने समितिले योजना रहेको छ। आगामी डेढ महिनामा बुट्टा भर्ने काम सकिने त्यस पछि पानीको क्यूरिङ समेत गर्नु पर्ने भएकोले केही रंग रोगन गर्न समय लाग्ने उहाँले जनाउनु भयो। बुद्ध मूर्ति भन्दा तल्लो भागमा साँढे २ फिटको बुद्ध मूर्तिहरु रहने भएको गुरुङले जनाउनु भयो । १ सय ८ वटा सानो आकारको ११ इन्चको बुद्ध मूर्तिहरु रहने भएको उहाँले जनाउनु भयो । त्यसको माथि स्वयम्भुनाथ, नमोबुद्ध र बौद्धका ५४ वटा स्तुपाहरु समेत राखिने भएको छ। उक्त पार्कमा जानको लागि दुई तर्फी सिडि बाटो निर्माण सहित वरिपरी बृक्षारोपण सहित फुलका बिरुवाहरु रोप्ने काम समेत हुदै गरेको उहाँले जनाउनु भयो । मुद्ध मुर्ति रहेको स्थान (ठि) मा हाल कालिगढबाट कलात्मक बुट्टा बनाउने काम भई रहेको संयोजक गुरुङले जनाउनु भयो । अध्यक्ष गुरुङले भन्नु भयो"यही ठाँउमा म हुर्कीय, आज म यत्रो भए, यस ठाँउको लागि मैले केहि गर्नु पर्छ भन्ने मान्यतालाई सार्थक बनाउन यो परियोजनाको अघि बढाएका हौं, अरुले गरोस वा नगरोस आफैबाट सुरुवात गर्नु पर्छ भनेर आज हामी लागेका छौं ।" आफ्नो गाँउ कालाबाङ घरेडिको शिरमा उक्त बुद्ध पार्क स्थापनाले अब गाँउमा धार्मिक एवं पर्यटन आगमनमा उल्लेखिय रुपमा बृद्धि हुने स्थानिय याम गुरुङले विश्वास व्यक्त गर्नु भयो । कालाबाङ होमस्टेका अध्यक्ष समेत रहनु भएको उहाँले अब आफ्नो गाउँसम्म पर्यटकहरुको ओईरो लाग्ने दाबी गर्नु भयो। चक्र राखेर यहाँको मौसम थाहा पाउने डाडाँको रुपमा परिचित उक्त क्षेत्रबाट मौसम खुल्दा हिमश्रृंखला, पोखरा, फेवाताल, सराङकोट, पुम्दीकोट, काहुँडाँडा, कास्कीकोट, पोखरा अन्तराष्ट्रिय विमानस्थल, स्याङजा लगायतको ठाँउहरु अवलोकन गर्न सकिन्छ। विगत ९ महिना अघि निर्माण कार्य सुरु गरिएको उक्त परियोजनाको हालसम्म करिब ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको समितिको दाबी छ । कालाबाङ सामुदायिक होमस्टेको माथिको डाडाँमा उक्त पार्क निर्माण हुनुले बिहान आउने पर्यटकलाई छोटो हाइकिङ सहितको ध्यान केन्द्रको रुपमा समेत विस्तार गर्न खोजिएको समितिका उपाध्यक्षमा राजबहादुर गुरुङले बताउनु भयो।

स्वदेश तथा बिदेशमा रहनुहुने आर्थिक भौतिक तथा नैतिक रुपमा सहयोग गर्नुहुने समस्त सहयोगी मन तथा इष्टमित्रहरु प्रति अध्यक्ष गुरुङले हार्दिक अभार व्यक्त गर्नु भएको छ। साथै उहाँले नेपाली नयाँ बर्ष २०८१ को शुभकामना व्यक्त गर्दै उक्त परियोजनालाई सफल पार्न सहयोगको अपेक्षा गर्नु भएको छ । उक्त समितिको उपाध्यक्षमा राजबहादुर गुरुङ, अर्थ संकलमा लोक प्रसाद गुरुङ रहनु भएको छ भने सचिव कृष्ण बहादुर गुरुङ सहितको टोलीले उक्त परियोजना सफल पार्न स्वदेश तथा विदेशमा सहयोगको आव्हान समेत गर्दै आउनु भएको छ।


# मनाङका लेकमा यार्सागुम्बाको खोजी

रासस
मनाङ, ६ बैशाख

विकट जिल्ला मनाङमा औषधीय जडीबुटी यार्सागुम्बाको खोजी गर्ने समय भएको छ। यहाँका धेरै खर्कमा यार्सागुम्बा पाउने भए पनि नार्सों गाउँपालिका-८ ताचैस्थित नाम्के र नार्पाभूमि गाउँपालिका-२ हुलाकी ओडारका खर्कबाट सङ्कलन गरिन्छ।

संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष एवं नार्सों-८ का वडाध्यक्ष याद घलेले यार्सा पाइने नजिकको खर्कबाट वैशाखको दोस्रो सातादेखि खोजी सुरु हुने जानकारी दिनुभयो । उहाँका अनुसार वैशाख १० गतेदेखि नाम्के र हुलाकी ओडार खर्कबाट यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिने निर्णय गरिएको छ। मनाङमा यार्चागुम्बा सङ्कलनका लागि अनुमति दिइने भएको उहाँले बताउनुभयो । "अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको संयोजकत्वमा संरक्षण क्षेत्र व्यवस्थापन समितिले यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिएपछि मात्रै खर्क जान पाउने प्रावधान छ", वडाध्यक्ष घलेले भन्नुभयो, "यार्सागुम्बा सङ्कलनका निम्ति नाम्के खर्कमा स्थानीयका साथै बाहिरी जिल्लाबाट आएका व्यक्तिलाई पनि अनुमति दिइनेछ।"

मनाङमा वैशाखदेखि असार मसान्तसम्म यार्सागुम्बा सङ्कलन गर्ने उपयुक्त समयका रूपमा लिइन्छ। यार्सागुम्बा खोज्ने क्रममा विसं २०६६ मा नारस्थित नाम्म्य खर्कमा गोरखाका सातजनाको स्थानीयले हत्या गरेका थिए । त्यसपछि सुरक्षा चुनौतीका कारण मनाङको साविकको नार र फुगाउँ विकास समितिमा यार्सागुम्बा सङ्कलन रोकिएको थियो। नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले अहिले यार्सागुम्बा सङ्कलन गर्ने समय भएको भन्दै बाह्य जिल्लाका सङ्कलकलाई भने अनुमति नदिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षा चुनौतीका कारण बाह्य जिल्लाबाट आउने सङ्कलकलाई रोक लगाएका छौं । विगतमा भएको जस्तो घटना दोहोरिनु हुँदैन भनेर स्थानीयलाई मात्र सङ्कलनको अनुमति दिँदै आएका छौं ।" यार्सागुम्बा सङ्कलनका लागि अनुमति लिन प्रतिव्यक्ति रु ३५ हजार शुल्क तोकिएको उहाँले जानकारी दिनुभयो। अध्यक्ष लामाले पहिले जस्तै नार र फु क्षेत्रमा पनि अन्य जिल्लाबाट आउनेलाई यार्सा सङ्कलनमा रोक लगाइएको जानकारी दिनुभयो। उहाँका अनुसार नार्पाभूमिको नार र फु संरक्षित र निषेधित दुवै क्षेत्र भएकाले सुरक्षाको दृष्टिबाट पनि विगतको जस्तो अवस्था सिर्जना नहोस् भनी निर्णय गरिएको हो । जिल्लाका अन्य खर्कमा वैशाख र नार्पाभूमिमा जेठदेखि मात्रै यार्सागुम्बा सङ्कलन गरिन्छ । एक्यापको इलाका कार्यालयले यार्सागुम्बा सङ्कलनका लागि स्वीकृति दिएपछि मात्रै सङ्कलन गर्न खर्क पस्न पाउने जनाएको छ । मनाङसँगै लमजुङ, गोरखा र धादिङका स्थानीय यार्सा सङ्कलन गर्न मनाङका लेक पुग्छन् । नार घटनापछि जिल्लास्थित एक्यापले यार्सा सङ्कलनलाई व्यवस्थित बनाउँदै लगेको छ। एक्यापका प्रमुख ढकबहादुर भुजेलले नार्पाभूमिका खर्कमा यार्सा खोज्न बाह्य जिल्लाका सङ्कलकलाई अनुमति नदिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षाको चुनौतीलाई मध्यनजर गरी नार्पाभूमि, खाङ्सार र पिसाङमा पनि स्थानीयलाई मात्र खोजीका लागि अनुमति दिने निर्णय भएको छ ।" सङ्कलकको सङ्ख्यासँगै यार्सा पनि कम सङ्कलन गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । ढकालका अनुसार जिल्लाका तीन स्थानका खर्कमा यार्सागुम्बा सङ्कलनमा बाह्य जिल्लाका व्यक्तिलाई रोक लगाइएको छ । स्थानीय मात्रै सङ्कलक हुँदा खर्कको सुरक्षामा सहज हुने अपेक्षा गरिएको उहाँको भनाइ छ । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जिल्लाभित्र यार्सागुम्बा सङ्कलनको याम सुरु भएसँगै सुरक्षा व्यवस्थामा कडाइ गरिएको बताउनुभयो। उहाँले सुरक्षाको जोखिमलाई ध्यानमा राख्दै विगतको जस्तो घटना नहोस् भनी सजगता अपनाइएको जानकारी दिनुभयो । "यसलाई व्यवस्थित गर्ने कानुन भनेको यससँग सम्बन्धित निर्देशिकामा यार्सा सङ्कलन व्यवस्थापन संरक्षण समितिले गर्ने उल्लेख छ । राज्यबाट शुल्क लिने, कर लगाउने काम अधिकार प्राप्त निकायले गर्नुपर्ने हो", प्रजिअ लामिछानेले भन्नुभयो, "कानुनी रूपमा स्पष्ट नभएकाले यसलाई उपयुक्त फोरममा कुरा उठाउनुपर्ने छ। यो आमनागरिकसँग जोडिएको विषय भएकाले अहिलेलाई साबिकमा जे भएको थियो, त्यसलाई नै निरन्तरता दिँदै अनुमति दिने निणृय भएको छ।" जिल्ला समन्वय समितिका प्रमुख, पालिकाका अध्यक्ष, सुरक्षा निकायका प्रमुख र संरक्षण समितिका पदाधिकारी सहभागी भई उक्त निर्णय गरिएको उहाँले जानकारी दिनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निर्वाचन आयोगको निर्देशन पालना गर

वैशाख १५ गतेको उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्नका लागि सरकारी निकायको सहयोग आवश्यक हुन्छ। निर्वाचन आयोगले मात्र सबै काम गर्न सक्दैन। सरकार, राजनीतिक दल, उमेदवार र संचार माध्यमले आचार संहिता पालना गर्नुपर्छ। आयोगले दिने निर्देशन स्वच्छ, स्वतन्त्र, र विश्वस्नीय निर्वाचनका लागि हो। आयोगले विभिन्न निकायलाई पाँच बुँदे निर्देशन दिएको छ। निर्वाचन आयोगले इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को निर्वाचन सहजै सम्पन्न गर्नका लागि सम्बद्ध निकायबाट कार्यान्वयन गर्ने गराउने गरी आवश्यक सहयोग तथा निर्देशन दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयललाई निर्देशन दिएको छ।

जसमा उपनिर्वाचन हुने जिल्लाको विद्युत र खानेपानी आपूर्तिको व्यवस्थालाई नियमित गराउन सम्बन्धित निकायलाई निर्देशन दिन प्रधानमन्त्री कार्यालयलाई निर्देशन दिइएको आयोगका सहसचिव एवम प्रवक्ता शालिग्राम पौडेलले जानकारी दिए। सम्बन्धित निर्वाचन क्षेत्र भित्रको यातायातको सहज पहुँचका लागि यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाई जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनका पनि निर्देशन दिएको छ।

साथै तोकिएको मतदान स्थल र मतदान केन्द्रसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकाय एवम् स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत सम्भार गरी गराई सुचारू अवस्थामा राख्ने व्यवस्था मिलाउन आयोगले सरकारलाई भनेको छ। सरकारले गर्नैपर्ने कामलाई निर्वाचन आयोगले संझाएको हो। उपनिर्वाचन हुने जिल्लाभित्रका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल टेलिकम, निजी क्षेत्रका सञ्चार सेवा प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधन मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्काल मर्मत र सेवा बिस्तार गरी चालु अवस्थामा राख्न लगाउन र निर्वाचनको कामका लागि आवश्यक भएमा सम्बन्धित निकायले तत्काल प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था गर्न पनि भनेको छ।

उपनिर्वाचन हुने जिल्लाका सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्था निर्वाध रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनका भनेको छ भने जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्स सुचारू अवस्थामा राख्ने तथा जिल्लामा रहेका दमकललाई चालु अवस्थामा राखी निर्वाचनका बेला आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने व्यवस्था मिलाउन भनिएको छ। यी कार्यालयका काम सधैं चालू हुनुपर्छ। निर्वाचनका बेला त चालू अवस्थामा राख भनेर निर्देशन दिनुपर्ने अवस्था आउनु विडम्बना हो।

उपनिर्वाचनका लागि नियुक्त भएका वा खटाइएका तथा तोकिएका र आयोगको निर्देशन, आदेश पालना गर्नुपर्ने कर्मचारीको कर्तव्य हुन्छ। निजामती वा प्रदेश वा स्थानीय तह वा अन्य सरकारी निकायका कर्मचारी वा सुरक्षाकर्मीले कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा स्वच्छ , निष्पक्ष ,विस्वस्नीय हुनैसक्दैन। प्रलोभन ,डर धम्की वा वल प्रयोग गरी आफ्नो कर्तव्य पालना गर्न तथा गराउनबाट विचलित गराएमा उक्त कार्यलाई निर्वाचन कसुर मानिने भन्दै कानूनको वर्खिलाप हुने गरी कहीँ कतैबाट यस्तो कुनै कार्य नहुन र भए गरेको पाइएमा कानून बमोजिम आवश्यक कारबाही गर्ने गराउने व्यवस्था मिलाउन पनि आयोगले सरकारलाई निर्देशन दिएको छ। आयोगले दिएको निर्देशन पालना भए मात्र निर्वाचन स्वच्छ, निष्पक्ष ,विस्वासीलो र मर्यादित हुन्छ। सरकारले जस पाउनेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# कालिका कप राष्ट्रिय भलिबलको उपाधि आर्मीलाई

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ बैशाख

चैतेदसैँका अवसरमा बागलुङ कालिका गुठी समितिद्वारा आयोजित कालिका कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि त्रिभुवन आर्मीले जितेको छ।

उपाधिका लागि आज भएको फाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले सोझो सेटमा घुम्टे रेष्टुरेन्टलाई पराजित गर्दै उपाधि जितेको हो। योसँगै आर्मी क्लबले रु तीन लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजकले जनाएको छ। आर्मीसँग हारेको घुम्टे रेष्टुरेन्टले उपाधिको दोस्रो पुरस्कारमा चित्त बुझाएको छ। फाइनल खेलको पहिलो सेटमा त्रिभुवन आर्मीले घुम्टे रेष्टुरेन्टलाई २५-१८, २५-१२ र २५-२२ अङ्कले पराजित गरेको थियो। बुधबार भएको सेमिफाइनल खेलमा त्रिभुवन आर्मीले कस्तुरी युवा क्लब र बागलुङ घुम्टे रेष्टुरेन्टले कालिका युवा क्लबलाई सोझो सेटमा पराजित गरेका थिए।

उपाधिको तेस्रो पुरस्कार भने कालिका युवा क्लबलाई सोझो सेटमा हराउँदै कस्तुरी युवा क्लबले हात पारेको छ। प्रतियोगिताको विजेताले रु तीन लाख, उपविजेताले रु एक लाख ५० हजार र तृतीयले रु एक लाख पुरस्कार प्राप्त गरेका भलिबल खेल संयोजक अर्जुन खड्काले जानकारी दिनुभयो।

# सार्वजनिक पदमा रहेकाले सामुदायिक विद्यालयमा सन्तान पढाउनुपर्ने

**पोखरापत्र संवाददाता**
गोरखा, ६ बैशाख

गोरखाका स्थानीय तहमा सार्वजनिक पद धारण गरेका व्यक्तिले आफ्ना बालबालिकालाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने भएको छ।

जिल्लाका ११ पालिकामध्ये पाँच वटा पालिकाले पालिकाभित्र सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा नै पढाउनुपर्ने निर्णय गरेका हुन्। गोरखाको भीमसेन थापा गाउँपालिका, अजिरकोट गाउँपालिका,गोरखानगरपालिका, धार्चे गाउँपालिका र बारपाक सुलिकोट गाउँपालिकाले सूचना जारी गरेर सार्वजनिक पदमा रहेका सबैले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन निर्देशन दिइसकेका छन्।

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधारसँगै अभिभावक र बालबालिकाको आर्कषण बढाउन जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्यलगायत सबै सार्वजनिक पदमा रहेका व्यक्तिले बालबालिका सामुदायिक विद्यालयमा पढाउनै पर्ने निर्णय भएको गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो।

"सामुदायिक विद्यालयलाई व्यवस्थित र प्रभावकारी बनाई गुणस्तरीय शिक्षा सुनिश्चिता गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस्तो निर्णय गरिएको हो", अजिरकोट गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले भन्नुभयो, "सार्वजनिक पदमा रहेका व्यक्तिले बालबालिका बाहिर नपठाएपछि अरुलाई पनि सामुदायिक विद्यालयमा पढाउन हौसला पुग्छ।" बारपाक सुलिकोट गाउँपालिकाले पनि गाउँसभाको निर्णयबमोजिम सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने नीति लागू गरेको बारपाक सुलिकोट गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोदराज भट्टले जानकारी दिनुभयो।

बारपाक सुलिकोटले चालु शैक्षिकसत्र २०८१ देखि यस्तो नीति लागू गरेको हो। गाउँपालिकाको यो निर्णयले शिक्षालाई बालमैत्री, गुणस्तरीय, प्रतिस्पर्धी र नजितामुखी बनाउन सहयोग पुग्ने विश्वास भीमसेन थापा गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जराले व्यक्त गर्नुभयो।

भीमसेन थापा गाउँपालिकाले सवै वडामा सार्वजनिक पदमा रहेका व्यक्तिका बालबालिका कुन-कुन विद्यालयमा अध्ययनरत छन् भन्ने विवरणसमेत पठाउन सबैलाई निर्देशन दिएको उहाँको भनाइ छ। भीमसेन थापा गाउँपालिकाले सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न 'विद्यार्थी खोजौं र विद्यालय बचाऔं' अभियानसमेत सम्पन्न गरिसकेको छ।

# त्रिभुवन विमानस्थलबाट एक किलो ७० ग्राम सुन बेवारिसे अवस्थामा फेला

**रासस**
काठमाडौं, ६ बैशाख

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक किलो ७० ग्राम सुन बेवारिसे अवस्थामा फेला परेको छ।

बुधबार ११ बजे अन्तर ाष्ट्रिय उडानतर्फको आगमन भई भारतको दिल्लीबाट आई वे नं ५ मा रोकिएको फ्लाइट टभ्ज्ञज्ञछज्ञ को इन्डिगो एयरको सिट नं २७ र २८ को तलपट्टि बेवारिसे अवस्थामा उक्त सुन फेला परेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्माले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बेवारिसे अवस्थामा भेटिएको उक्त सुनमा सिक्री तीन, सुनको बिस्कुट थान ६, त्रिभुज आकारको सुनजस्तो देखिने पहेँलो रङको धातुको टुक्राहरू दुई, सिक्री जोड्ने स-साना रिङ दुई फेला परेको छ, सोको कूल अन्दाजी तौल एक किलो ७० ग्राम रहेको छ।"

# स्वीकृति नपाएका पाठ्यपुस्तक प्रयोग भए कारबाही गरिने

**पोखरापत्र संवाददाता**
गोरखा, ६ बैशाख

गोरखा नगरपालिकाले नगर क्षेत्रभित्रका विद्यालयले पाठ्यक्रम विकास केन्द्रले स्वीकृत नै नगरेका पाठ्यक्रम पुस्तक प्रयोगमा ल्याएको पाइए कानुनबमोजिम कारबाही गर्ने भएको छ।

नगर क्षेत्रभित्रका केही निजी विद्यालयले पाठ्यक्रम विकास केन्द्रले स्वीकृति नै प्रदान नगरेका पाठ्यसामग्री, पाठ्यपुस्तक वा शिक्षण सिकाइ सामग्री प्रयोगमा ल्याएको भन्ने गुनासो आएपछि नगरपालिकाले विद्यालयको अनुगमनको तयारीसमेत थालेको नगरपालिकाको शिक्षा शाखाका प्रमुख चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो।

"नगरपालिकाले सबै विद्यालयलाई अनिवार्य रूपमा स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न निर्देशन दिइसकेको छ", उहाँलेभन्नुभयो, "केही निजी विद्यालयले शिक्षा नियमावलीविपरीत पाठ्यपुस्तक प्रयोग गरेको गुनासो आएकाले अनुगमन गर्ने तयारसमेत भइरहेको छ।" उहाँले कुनै पनि विद्यालयले स्वीकृत पाठ्यपुस्तकभन्दा बाहिरका पाठ्यपुस्तक पढाउनु शिक्षा नियमावलीविपरीत हुने बताउनुभयो। "हामीले स्वीकृत पाठ्यपुस्तक मात्रै लागू गर्ने भनेर निर्णय पनि गरिसकेका छौँ", उहाँले भन्नुभयो, "केही विद्यालयले आफुखुसी पाठ्यपुस्तक प्रयोगमा ल्याएको भन्ने गुनासो हामीलाई पनि आएको छ, हामी अनुगमन गरी आवश्यक कारबाही गर्छौं।"

गुनासो आएका विद्यालयका सञ्चालकलाई टोलिफोनसमेतगरेरनगरपालिकाले सचेत गराइसकेको पनि उहाँको भनाइ छ। "गुनासो आएका विद्यालयका सञ्चालकलाई हामीले तपाईंहरूले स्वीकृत गरेकाभन्दा बाहिरको पाठ्यपुस्तक लगाउनुभएको छ भन्ने गुनासो आएको छ, के भएको तुरुन्त सच्याउनु होस् भनेका पनि छौं", प्रमुख खड्काले भन्नुभयो।

प्रमुख खड्काले विद्यायलयको अनुगमनका लागि समितिसमेत गठन गरिसकेको जानकारी दिनुभयो। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले स्वीकृति प्रदान गरिएका पाठ्यपुस्तक, पाठ्य सामग्री तथा सिकाइ सामग्रीमात्र प्रयोग गर्न-गराउन सबै स्थानीय तहलाई आग्रह गरिसकेको छ।

शिक्षा नियमावली, २०५९ को परिच्छेद ७ को नियम ३५ वमोजिम विद्यालयहरूले प्रयोग गर्ने पाठ्यपुस्तक, थप पाठ्य सामग्री तथा शिक्षण सिकाइ सामग्री केन्द्रले अनिवार्य स्वीकृत गरेको हुनुपर्ने व्यवस्था छ।

# पर्यटकको बसाइ लम्ब्याउन नयाँ गन्तव्यको खोजी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटकको बसाइ लम्ब्याउन नयाँ गन्तव्यको पहिचान गर्न अध्ययन थालेको छ।

हालै पर्यटकीय राजधानी घोषणा भएको पोखरामा पर्यटक आगमन बढाउन र बसाइ लम्बाउनका लागि नयाँ गन्तव्यको पहिचान तथा स्थापित गन्तव्यको प्रवर्द्धनका लागि स्थलगत अध्ययन गर्न मन्त्रालयको टोली अन्नपूर्ण गाउँपालिका-६ घोडेपानी आएको छ। मन्त्रालयका उपसचिव रामप्रसाद आचार्यले सम्भावनायुक्त पर्यटकीय गन्तव्य पहिचान र स्थापित गन्तव्यको प्रवर्द्धनका लागि समस्या, आवश्यकता पहिचान गर्न मङ्गलबार र बुधबार स्थलगत अध्ययन गरिएको जानकारी दिनुभयो। "पोखरा र आसपासका क्षेत्रमा पर्यटक आगमन बढाउने, बसाइ लम्ब्याउने तथा सेवाको गुणस्तरीयता कायम गर्न सम्भावनायुक्त पर्यटकीयस्थलमा पुगेर अध्ययन गर्न आएका हौं", उहाँले भन्नुभयो, "म्याग्दीको घोडेपानी-पुनहिल क्षेत्रलाई पोखराको सहायक गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना देखेर सरोकारवालासँग छलफल गरेका छौँ।" मन्त्रालयका सचिव कुमानसिंह गुरुङको नेतृत्वमा आएको टोलीले स्थानीय होटल व्यवसायी, जनप्रतिनिधि, पर्यटक, पर्यटन व्यवसायीसँग समस्या, सम्भावना र समाधानका लागि गर्नुपर्ने कामका बारेमा छलफल गरेको थियो। सचिव गुरुङले पर्यटकीय क्षेत्रका सरोकारवालाको सुझावलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटिने बताउनुभयो। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा पनि सुझावलाई समावेश गरिने उहाँको भनाइ छ। अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुन र अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले सडकको पहुँच, पोखरादेखि घोडेपानीसम्म बस सेवा सञ्चालन, प्रचारप्रसारका कारण आन्तरिक पर्यटकको आगमन बढेको बताउनुभयो।

घोडेपानीमा पर्यटकको बसाइ लम्ब्याउन गुराँस पार्क, घोडा र साइकल मार्ग निर्माण गरिएको जानकारी गराउँदै घोडेपानीको सङ्ग्राहलयलाई व्यवस्थित बनाउन सहयोगको अपेक्षा गर्नुभयो। घोडेपानी पर्यटक प्रहरी चौकीका अनुसार विसं २०८० मा ३१ हजार चार सय ३९ पर्यटकले घोडेपानीको भ्रमण गरेका छन्। समुद्र सतहबाट तीन हजार दुई सय १० मिटर उचाइमा अवस्थित पुनहिलमा सूर्योदय, गुराँसे जङ्गल र हिमशृङ्खलाको अवलोकन गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्दछन्। घोडेपानीमा साना ठूला गरी २७ होटलमा एक दिनमा एक हजार जना बास बस्न सक्ने क्षमता रहेको छ।

पुनहिलबाट धवलागिरि, सिस्ने, गुर्जा, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु हिमालको अवलोकन गर्न सकिन्छ। सूर्योदयको दृष्यावलोकन गर्न पाउनु पनि पुनहिलको अर्को विषेशता हो। घोडेपानी र पुनहिल क्षेत्रमा गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जङ्गल छ। हिजोआज गुराँस फुलेर ढकमक्क बनेको जङ्गलमा रमाउने पर्यटकको चहलपहल बढेको होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताउनुभयो।


# शिक्षक आवश्यकता

यस विद्यालयमा सञ्चालित प्राविधिक तथा व्यवसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२) को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महा( नगरपालिका, कास्कीको मिति २०८१/०१/०६ को चलानी नं. ७१३ मा प्राप्त अनुमति अनुसार निम्न लिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/ ०८०/०८१ | प्रशिक्षक | मा.वि. कक्षा (९-१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

- शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा बी.एस्सी एजी तह उत्तीर्ण गरेको हुनुपर्ने।
- परीक्षाको किसिम: लिखित, कक्षा अवलोकन तथा अन्तवार्ता
- उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु: निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रहरुको छाँयाप्रति, नेपाली नागरिकताको प्रमाण पत्रको छाँयाप्रति।
- दरखास्त दस्तुर: रु २,०००।- तिरेको सक्कल रसिद।
- दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मिति : २०८१ वैशाख २० गते कार्यालय समय भित्र।
- तलव स्केल: नेपाल सरकारको प्रचलति नियमानुसार।

परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५

